# अन्तःशुल्कको विवरण र भुक्तानी

**१. अन्तःशुल्कको विबरण कसले, कहिले र कहाँ पेश गर्नु पर्दछ ?**

अन्तःशुल्क लाग्ने बस्तु उत्पादन गर्ने उत्पादकले कारोबारको प्रत्येक महिनाको विबरण सो महिना समाप्त भएको पच्चिस दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा र माथि उललेख भएका कार्यालय नभएका जिल्लाहरुमा को.ले.नि.का मा पेश गर्नु पर्छ ।

**२. तोकिए बमोजिमको अन्तःशुल्क विवरण कति कति अबधिमा पेश गर्नु पर्छ ?**

प्रत्येक महिना सकिए पछि मासिक र आर्थिक बर्ष समाप्त भएपछि बार्षिक विबरण पेश गर्नु पर्छ ।

**३. अन्तःशुल्कजन्य वस्तुको अन्तःशुल्क निर्धारण कसले गर्दछ ?**

अन्तःशुल्कजन्य बस्तुको उत्पादनको हकमा उत्पादकले तथा पैठारीको हकमा सम्वन्धित भंसार कार्यालयले अन्तःशुल्क निर्धारण गर्दछ ।

**४. अन्तःशुल्क लाग्ने कुनै बस्तुको निर्धारित अन्तःशुल्क असूल उपर कसले गर्नु पर्दछ ?**

उत्पादन निश्कासन गर्दाको वखत उत्पादकले र पैठारी हुने बस्तुमा सम्वन्धित भंसार कार्यालयले असूल गर्नु पर्दछ ।

**५. कारोवार नगरेको अबधिको विबरण पेश गर्नु पर्छ कि पर्दैन ?**

अन्तःशुल्क निर्धारण र असूली गर्नु पर्ने दायित्व भएका व्यक्तिले अन्तःशुल्क लाग्ने कारोबार गरेको वा नगरेको जे सुकै भएतापनि विबरण पेश गर्नु पर्दछ ।

**६. कार्यालयमा पेश भएका विवरणको जाँच कसले गर्दछ ?**

कार्यालयमा पेश भएका विवरणहरुको जाँच अन्तःशुल्क अधिकृतले गर्दछन् ।

**७. अन्तःशुल्क अधिकृतले अन्तःशुल्क विववरणको जाँच गर्दा के के कुरा हेर्ने अधिकार हुन्छ ?**

अन्तःशुल्क अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछ :

क. सम्बन्धित बस्तुहरु, स्थान, कागजपत्र, लेखा तथा अभिलेख जाँच गर्ने,

ख. कारोबार स्थल, कसूर संग सम्बन्धित प्रमाण हुन सक्ने अन्य ठाउँको जाँचबुझ गर्ने,

ग. अभिलेख किताब, खाता, विबरण तयार गर्ने व्यक्तिसंग जानकारी माग गर्ने,

घ. कारोबार स्थल वा सो संग सम्बन्धित कागजपत्रहरु कब्जामा लिने,

ङ. अन्तःशुल्क लेखापरीक्षण गर्ने तथा

च. कारोबार सम्बन्धी जानकारी बैंक, वित्तिय संस्था लगायत कुनै पनि व्यक्ति संग माग गर्न सक्नेछ ।

**८. अन्तःशुल्क लेखापरीक्षण कस्तो अबस्थामा हुने गर्दछ ?**

अन्तःशुल्क राजस्व जोखिमका आधारमा, अन्तःशुल्क लेखापरीक्षणको लागि करदाता छनौटमा परेमा, बजारमा अबैध बस्तुको सहज उपलब्धता देखिएमा र अन्तःशुल्क टिकटको अबैध वा अस्वभाविक प्रयोग भएको बुझिन आएमा ।

**९. अन्तःशुल्क दर भन्नाले कुन दरलाई जनाउँछ ?**

सालवसाली जारी हुने आर्थिक ऐन द्धारा अन्तःशुल्क ऐन २०५८ को दफा ३ संग सम्वन्धित अनुसूचीमा तोकिएको दरलाई बुझाउछ ।

**१०. अन्तःशुल्कको बक्यौता असूली कसरी गरिन्छ ?**

(क) त्यस्तो व्यक्तिलाई फिर्ता गर्नुपर्ने कुनै रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै संगठित संस्था वा स्थानीय निकायहरूबाट त्यस्तो व्यक्तिले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) त्यस्तो व्यक्तिको बैंक, वित्तीय वा अन्य संस्थामा रहेको हीतबाट कट्टा गर्न लगाएर ।

**स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “हीत” भन्नाले बैंक, वित्तीय वा अन्य संस्थामा रहेको निक्षेप तथा लगानी समेतलाई सम्झनु पर्छ।**

(घ) त्यस्तो व्यक्तिको विक्री, निकासी, पैठारी र अन्य व्यवसाय रोक्का गरेर,

(ङ) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पति कब्जा गरेर ,

(च) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पत्ति सम्पूर्ण वा केही एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर,

(छ) मोज्दातमा रहेको वस्तु लिलाम गरेर,

**११. मैले पैठारी गरेका बस्तुको अन्तःशुल्क निर्धारण कसरी कहिले गर्नु पर्ने हुन्छ ?**

पैठारी गरिएको बस्तुको भंसार महसूल प्रयोजनको लागि निर्धारण गरिएको मूल्यमा भंसार महसूल समेत थप गरी कायम हुन आएको रकममा भन्सार विन्दूमानै अन्तःशुल्क लाग्दछ ।

**१२. अन्तःशुल्क दर कति किसिमबाट लगाइने गरिएको छ ?**

दुई किसिम बाट लगाईन्छ । मालबस्तु वा सेवाको मोलमा तोकिएको प्रतिशतमा वा परिमाणमा तोकिएको दरले अन्तःशुल्क लाग्दछ ।

**१४. अन्तःशुल्क लाग्ने वस्तुको मूल्य निर्धारण कसरी गरिन्छ ?**

अन्तःशुल्क लाग्ने बस्तुको देहाय बमोजिम मूल्य निर्धारण गर्नु पर्छः

क)  उत्पादकले बस्तु विक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य, वा

ख)  सेवाको हकमा सेवा विक्री गर्दाका बखत जारी गरेको विजक मूल्य, वा

ग)  कार्यालयले उत्पादन लागत वा अन्य उपयुक्त आधारमा तोकि दिएको मूल्य, वा

घ)  पैठारी गरिएको बस्तुका हकमा भंसार प्रयोजनको लागि भन्सारले कायम गरेको मूल्यमा भंसार महसूल जोडी हुन आउने मूल्य ।

**१५. कुन कुन अबस्थामा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्तछ ?**

(१) देहायका कुनै अवस्थामा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्नेछ :–

(क) म्यादभित्र अन्तःशुल्क विवरण पेश नगरेमा,

(ख) अधुरो वा त्रुटीपूर्ण अन्तःशुल्क विवरण पेश गरेमा,

(ग) झुट्टा अन्तःशुल्क विवरण पेश गरेमा,

(घ) अन्तःशुल्कको रकम कम देखाएको वा ठीक नभएको भन्ने अन्तःशुल्क अधिकृतलाई विश्वास

(ङ) विक्री मूल्यमा न्यून विजकीकरण गरेको भन्ने अन्तःशुल्क अधिकृतलाई विश्वास गर्नुपर्ने आधार र कारण भै ऐनको दफा ७ को उपदफा (४) वमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्नुपर्ने भएमा,

(च) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धी तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धी नपुगेमा,

(छ) निष्कासन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा एक प्रतिशत भन्दा बढी फरक परेमा,

(ज) अन्तःशुल्क छलेमा,

(झ) इजातजपत्र नलिई कुनै व्यक्तिले अन्तःशुल्क लाग्ने बस्तुको कारोवार गरेमा ।

**१६. अन्तःशुल्क निर्धारण गर्नु पूर्ब अन्तःशुल्क अधिकृतले सफाइ पेश गर्ने १५ दिने म्याद नै नदिइ कर निर्धारण गरेकोले यो निर्णय कानून सम्मत छ छैन ?**

कानून सम्मत छैन, सफाई पेश गर्न १५ दिनको म्याद दिनु पर्छ ।

**१७. अन्तःशुल्क निर्धारण आदेशको सूचनाको रीतपुर्बक तामेली भन्नाले कसरी गरिएको तामेली लाई जनाउँछ ?**

करदातालाई बुझाएको वा निजको टेलिफ्याक्स, टेलेक्स वा ईमेल मार्फत पठाएको वा निजको ठेगानामा रजिष्ट्री गरी हुलाक मार्फत पठाई तामेल गरेकोलाई रित पूर्बक तामेल भएको मानिन्छ ।

**१८. दाखिल गर्नु पर्ने भन्दा घटी अन्तःशुल्क दाखिला गरेको देखिएमा त्यस्तो घटी अन्तःशुल्क रकम कसरी असूल गरिन्छ ?**

ऐनको दफा १०.घ तथा नियम ६क बमोजिम अन्तःशुल्क निर्धारण गरी असूल उपर गर्नु पर्दछ ।